११३६ - ६४८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३७३/२०७१/०७२

निर्णय नं. ७५८

धरान १३ सुनसरी बस्ने विष्णु चौलागाई............................................................ ..............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपाल खानेपानी संस्थान,धरान शाखा, सुनसरी........................................१ विपक्षी
सूचना अधिकारी, नेपाल खानेपानी संस्थान,धरान शाखा, सुनसरी........................................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

धरान १३ सुनसरी बस्ने विष्णु चौलागाईले नेपाल खानेपानी संस्थान धरान शाखा, सुनसरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।०२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०५।२५ को पत्रबाट नेपाल खानेपानी संस्थान धरान शाखा, सुनसरीलाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ बैशाख ५ गते रोज १ शुभम् ।